
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं ३१ गते शुक्रबार ❑ 16 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## चार पूर्वप्रधान्यायाधीश महाअभियोग सिफारिस समितिको बैठकमा नजाने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौं**

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले बयानका क्रममा नाम लिनुभएका चार पूर्वप्रधानन्यायाधीशले महाभियोग सिफारिस समितिको बैठकमा नजाने निर्णय गर्नुभएको छ।

पूर्वप्रधानन्यायाधीशहरू मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले पदीय मर्यादा र स्वतन्त्र न्यायपालिकाको अवधारणालाई आत्मसात् गर्दै बैठकमा नजाने निर्णय गर्नुभएको हो ।

"हामीले आपसमा बसेर नजाने निर्णय गर्‍यौं, हामीले दिनुपर्ने सुझाव पहिला नै दिइसकेको छौं", पूर्वप्रधानन्यायाधीश रायमाझीले भन्नुभयो, "पदीय मर्यादा र स्वतन्त्र न्यायापालिकाको अवधारणाअनुसार हामी सहभागी हुन ठीक छैन भन्ने निर्णय गर्‍यौं, त्यो निर्णयको पत्र समितिमा पठाएका छौँ ।" उहाँले पूर्वप्रधानन्यायाधीशहरूबीच छलफल गरी नजाने निर्णय गरिएको पत्रसमेत समितिमा पठाइसकेको जानकारी दिनुभयो। समितिको बुधबार बसेको बैठकले पूर्वप्रधानन्यायाधीश र वहालवाला न्यायाधीशलाई निलम्बित प्रधानन्यायाधीश राणाको बयानका आधारमा अनुसन्धानका लागि बोलाउने निर्णय गर्दै पत्र पठाएको थियो ।

चार पूर्व प्रधानन्यायाधीशले निलम्बित प्रधानन्यायाधीश राणाविरुद्ध सर्वोच्च अदालतमा आन्दोलन हुँदा विज्ञप्ति प्रकाशन गरेर आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । सर्वोच्च अदालतको बिहीबार बसेको पूर्ण बैठकले वहालवाला न्यायाधीश सिफारिस समितिको बैठकमा जान नमिल्ने पत्र समितिलाई पठाएको छ।

## निर्वाचनमा एमालेले हार्न हुँदैन : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, ३० भदौं**

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचनमा एमालेले हार्न नहुने बताउनुभएको छ।

ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बिहीबार आयोजित पार्टी प्रवेश कार्यक्रममा उहाँले देशको विकास र समृद्धिका लागि निर्वाचनमा एमालेले हार्नै नहुने बताउनुभएको हो। "यो निर्वाचन पहिलेको जस्तो सामान्य निर्वाचन होइन, यसको विशेष अर्थ र महत्व छ । लोकतन्त्र, राजनीतिक स्थिरता र विकासका लागि पनि यसपटक एमाले हार्न मिल्दैन", अध्यक्ष ओलीले भन्नुभयो । देशको विकास गर्नका लागि एमालेबाहेक अर्को कुनै राजनीतिक शक्ति नभएको उहाँको जिकिर थियो। आगामी मङ्सिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा नेता तथा कार्यकर्तालाई मत वृद्धि र मत रक्षा गर्नसमेत आग्रह गर्दै अध्यक्ष ओलीले एमालेमा प्रवेशको लहर चलेकाले स्थानीय तहमा ३८ लाख मत प्राप्त गरिएकामा अबको निर्वाचनमा ५० लाख मत पुर्‍याउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का प्रदेश सचिवालय सदस्य तथा भरतपुर महानगरका सहइन्चार्ज अञ्जन तिमिल्सेना, कालिका नगरपालिकाका उपाध्यक्ष तुलबहादुर विक, बागमती प्रदेश कमिटी सदस्य गिरिधारी सुवेदीलगायत एमालेमा प्रवेश गर्नुभएको थियो। नवप्रवेशीलाई पार्टी अध्यक्ष ओलीले स्वागत गर्नुभएको थियो।

## चाडवाड लक्षित छुट योजना संचालन गर्न पोउवा संघको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौं**



पोखरा उद्योग वाणिज्य संघले दसैं र तिहारलाई लक्षित गर्दै उपभोग्य सामग्रीमा छुट दिन व्यवसायीहरुसँग आग्रह गरेको छ।

अध्यक्ष पवनकुमार प्रजापतिले संघअन्तर्गत रहेका विभिन्न बस्तुगत संघहरुका अध्यक्ष र प्रतिनिधिहसँगको बिहीबार भएको बैठकमा सो आग्रह गरेका हुन्। 'चाडवाडमा सहुलियत दरमा उपभोग्य सामग्री बिक्री-बितरण गर्दा व्यवसायी र उपभोक्ताबीचको सम्बन्ध सुमुधुर हुन्छ', उनले भने, 'त्यसले व्यवसाय विस्तारमा पनि सघाउँछ,सामाजिक उत्तरदायित्व पनि बहन हुन्छ।'

अध्यक्ष प्रजापतिले स्वच्छ व्यवसाय गर्न तथा चाडवाडलक्षित अनुगमनलाई सघाउन पनि व्यवसायीहरुसँग आग्रह गरे । अनुगमनको नाममा हुने अनावश्यक धरपकड भने अस्वीकार्य हुने उनको भनाइ छ । बस्तुगत संघका अध्यक्ष तथा प्रतिनिधिहरुलाई आफ्ना समस्याहरुबारे जानकारी दिन आग्रह गर्दै उनले भने,'पोखरा उद्योग वाणिज्य संघ हरेक व्यवसायीका समस्या समाधान गर्न प्रयत्नशील छ तर ती समस्याबारे हामीलाई जानकारी दिनुहोस् ।'उनले तालिम र गोष्ठीको माध्यमबाट व्यवसायीहरुको क्षमता अभिवृद्धि गर्ने उद्घोष पनि गरे। कार्यक्रममा बोल्दै संघका निवर्तमान अध्यक्ष नारायण कोइरालाले व्यवसायीहरुको सरोकार रहेको घरभाडा,न्यून विजीकरण,बैंक व्याजलगायतका समस्याहरुबारे संघले निरन्तर पैरवी गरिरहेको जानकारी गराए। उनले वैधानिक तरिकाले व्यवसाय गर्नेहरुको सुरक्षा पोखरा उद्योग वाणिज्य संघको पहिलो प्राथमिकता रहेको बताउँदै भने,'व्यवसायको नाममा इस्टमेट लेखिएको कागजमा बिल काट्नेहरुको संरक्षण भने गर्न सकिँदैन ।' महासचिव बलराम आचार्यको संचालन र वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्यको संचालन रहेको सो कार्यक्रममा आफ्ना धारणा राख्दै संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले चाडवाड लक्षित सुव्यवस्थित बजार पोखरा उद्योग वाणिज्य संघको चाहना भएको बताए । उनले चाडवाडको बेला हुने बजार अनुगमनको नाममा व्यापारीको मानमर्दन नगर्न प्रशासनसँग आग्रह पनि गरे । छलफल कार्यक्रममा बोल्दै कास्की पोखरा हस्तकला संघकी उपाध्यक्ष तथा संघकी पूर्वकार्यसमिति सदस्य सीता गुरुङले कच्चा पदार्थको मूल्य बढ्दा हस्तकला उद्योग संकटमा परेको बताइन् । उनले बस्तुगत संघको अभिभावकत्व ग्रहण गर्न संघलाई आग्रह गरिन् । पोखरा हार्डवयर एसोसियनका अध्यक्ष शेषकान्त ढकालले चाडवाडमा अखाद्य बस्तुको बिक्री-वितरण नगर्न व्यवसायीहरुसँग आग्रह गरे । अधिकृत बिक्रेता संघ पोखराका अध्यक्ष अनिल श्रेष्ठले माल ढुवानी गर्ने साधनको स्वरुप बिगारेको आरोपसहित आफूहरुमाथि प्रहरी प्रशासनले अनावश्यक दुःख दिएको गुनासो गरे। बढ्दो ट्राफिक अव्यवस्थालाई कम गर्न थोक बिक्रेताहरुले साना गाडी प्रयोगमा ल्याएको र खाद्य सामग्रीको सुरक्षाको लागि छत र सामान निकाल्ने ढोका राख्दा समस्यामा पारिएको उनको भनाइ थियो। पृथ्वी होटल संघका अध्यक्ष बालकृष्ण न्यूरेले घरबहाल करलाई एकीकृत सम्पत्ति करसँगै उठाउने व्यवस्था हुनुपर्ने माग गरे । साँघुमुख महेन्द्रपुल व्यवसायी संघका अध्यक्ष रामचन्द्र तिमिल्सिनाले पोउवा संघले आयोजना गर्ने मेलामा स्थानीय उत्पादनको प्रदर्शनी र बिक्री हुनुपर्ने माग गरे। पोखरा फेब्रिकेटर्स एसोसियसनका अध्यक्ष विश्वप्रकाश श्रेष्ठले नेपालको कर नीति राजश्व संकलनमा मात्रै केन्द्रीत भएकाले त्यसमा सुधार जरुरी भएको बताए । नेपाल सुनचाँदी तथा रत्न आभुषण संघका अध्यक्ष रामबहादुर विश्वकर्माले राजधानी बाहिरका व्यवसायीहरुले काँचो सुन नपाएको गुनासो गरे । बगर व्यवसायी कल्याणकारीका अध्यक्ष प्रकाश बास्तोलाले पोखरा उद्योग वाणिज्य संघले बस्तुगत संघ र सरकारबीच पुलको काम गरोस् भन्ने कामना व्यक्त गरे । पशुपंक्षी तथा औषधि व्यवसायी संघ कास्कीका अध्यक्ष टीकाराम सापकोटाले सहकार्यले मात्रै समृद्धि हाँसिल हुने बताए । मुद्रण उद्योग संघ कास्कीका अध्यक्ष गिरबहादुर श्रेष्ठले मुद्रण उद्योगमा दक्ष जनशक्ति अभाव भएको बताउँदै जनशक्ति उत्पादनमा लाग्न संघसँग अनुरोध गरे।

पोखरा महानगर चेम्बर अफ कमर्सका अध्यक्ष सविन जिसीले दसैंको बेला सरकारी तवरबाट दिइने छुटहरु काठमाडौं केन्द्रीत भएको गुनासो गरे । पोखरा भाँडा व्यवसायी संघका अध्यक्ष पविन्द्र पालिखेले नक्सा पास नभएका घर टहरा भत्काउने महानगरको निर्णयले केही व्यवसायीहरु समस्यामा परेको जानकारी गराए। पुस्तक तथा स्टेसनरी व्यवसायी संघका अध्यक्ष बैकुष्ठ पौडेलले अहिले व्यवसाय प्रवर्द्धनभन्दा पनि सुरक्षा मुख्य चुनौती भएको धारणा राखे। पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य बालकृष्ण कोइरालाले आउँदो दसैं र तिहारमा खाना पकाउने एलपीजी ग्यासको अभाव हुन नदिने प्रतिवद्धता व्यक्त गरे । बैठकमा सहभागी बस्तुगत संघका अध्यक्ष र प्रतिनिधिहरुले आ-आफ्नो संस्थाबाट औपचारिक निर्णय गर्दै चाडवाड लक्षित छुटका कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गरेका थिए।

## अन्तर्राष्ट्रिय चित्रकला पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौं**




नगेन आर्ट एकेडेमीको आयोजनामा ईण्डो-नेपाल फ्रेण्डसिप अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी आजदेखि पोखरामा सुरु भएको छ।

घामपानी मार्केट चिप्लेढुङ्गास्थित एकेडेमीकै हलमा गरिएको प्रदर्शनीमा भारतका सात र नेपालका १९ कलाकारका ३३ कलाकृति राखिएका छन् । प्रदर्शनी आगामी असोज १४ गतेसम्म रहनेछ । प्रदर्शनीको एक समारोहबीच उद्घाटन गर्दै पोखरा महानगर प्रमुख धनराज आचार्यले नेपाल भारत बीचको द्विपक्षीय सम्बन्धलाई कलात्मक सम्बन्धका रुपमा विकास गर्न प्रदर्शनी सफल बन्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले देश र विदेशका कलाकारको कला प्रवर्द्धन गर्न यस्ता कार्यक्रम महत्वपूर्ण हुने उल्लेख गर्दै कलाको विकासमा सहकार्य गर्न महानगरपालिका प्रतिबद्ध भएको बताउनुभयो।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्वप्राज्ञ विश्वकला यात्री नगेन सिंहले नेपालमा कला विकासका लागि ललितकला विकास बोर्डको स्थापना गर्नुपर्ने बताउनुभयो । कलाकारलाई राष्ट्रका गहना मात्र नभई अभिन्न अङ्गका रुपमा घोषणा गर्नुपर्ने उल्लेख गर्दै उहाँले प्रत्येक सरकारी विद्यालयमा कला शिक्षाका साथै नगर तथा गाउँपालिकामा कला विभाग स्थापना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

घामपानी बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक रविन्द्र तिवारी, कलाकार सुरेन्द्रराज अधिकारीलगायतले राज्यले कलालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

## प्रदेशमा पूर्वाधार नहुँदा काठमाडौँकै भर

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ भदौं**

गण्डकी प्रदेशमा तय भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेट हाल काठमाडौंमा जारी छ भने सुटिङ पनि काठमाडौंमै खेलाइनेछ । पूर्वाधार अभावमा ती खेलका लागि काठमाडौंमै भर पर्नुपरेको हो ।

प्रदेश खेलकुद परिषद्का अनुसार गण्डकीमा एउटा सुटिङ रेञ्जसम्म छैन । परिषद्का अध्यक्ष तेजबहादुर गुरुङले सुटिङका लागि खेल पूर्वाधार र सामग्रीको अभाव रहेको बताउनुभयो । "इन्डोर खेल भएकाले सुटिङका लागि ठूलो हल चाहिन्छ, हतियार, गोलीदेखि अरु महँगा सामग्री यसमा प्रयोग हुन्छन्", उहाँले भन्नुभयो, "प्रदेशमा पूर्वाधार नै नभएपछि सुटिङलाई काठमाडौं लैजानुको विकल्प रहेन।"

परिषद्ले प्रदेशबाट छनोटमा परेका सुटिङ खेलाडीलाई पनि काठमाडौंमै लगेर बन्द प्रशिक्षणमा राख्ने तयारी गरेको छ । ओलम्पियन एवं सुटिङ प्रशिक्षक भगवती केसीले सुटिङ खेल राज्यको उपेक्षामा परेको उल्लेख गर्नुभयो। "एशियनदेखि सागसम्म खेलेका खेलाडी हामीसँग छन्, सुटिङमा नयाँ खेलाडी उत्पादन हुने सम्भावना पनि उत्तिकै छ", प्रशिक्षक केसीले भन्नुभयो, "बिडम्वना भन्नुपर्छ, राज्यबाट यो खेल उपेक्षामा परेको छ, लगानी, पूर्वाधार केही छैन ।" पोखरा रङ्गशालाभित्र सुटिङ रेन्ज बनाउने योजना पनि अलपत्र परेको उहाँको गुनासो छ।

सुटिङ रेञ्ज बनाउन २२ मिटर लम्बाइ र चौडाइ भएको जग्गा चाहिन्छ। सुटिङ खेलका लागि पेस्तोल, राइफल, गोली, टार्गेट, टार्गेट बक्स (पुल्ली), पञ्जालगायतका सामग्री खाँचो पर्छ । राइफलका लागि छुट्टै जुत्ता, पाइन्ट, ज्याकेट र बेल्ट चाहिन्छ। इन्डोर खेलिने सुटिङमा सानो सिसाको गोली प्रयोग हुन्छ। गोली चीन र जर्मनीबाट ल्याउने गरिएको छ।

सुटिङमा गण्डकी प्रदेशका तर्फबाट बागलुङका नौ र कास्कीका तीन खेलाडी छनोटमा परेका छन्। १० मिटरको एयर पेस्तोलमा तीन महिला, तीन पुरुष र एयर राइफलमा पनि तीन पुरुष र तीन महिला खेलाडी छानिएका हुन्।

भद्रकाली बहुमुखी क्याम्पस
पोखरा-१३, कुँडहर
स्था: २०६६

वार्षिक साधारण सभा-२०७९ मा उपस्थितिका लागि अनुरोध !

यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा-१३, कुँडहरको निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न हुन गइरहेको चौथो अधिवेशनसहितको वार्षिक साधारण सभा-२०७९ मा गरिमामय उपस्थितिका लागि हाम्रा आदरणीय सिनेटरज्यूहरुलाई यसअघि नै पत्राचार गरिसकिएको छ। कुनै कारणले पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उक्त साधारण सभामा उपस्थित भइदिनुहुन सम्पूर्ण सिनेटरज्यूहरुलाई यसै सूचनाका साथ हार्दिक अनुरोध गरिन्छ।

कार्यक्रम :
साधारण सभा हुने मिति: २०७९ असोज १ गते शनिवार
समय : बिहान ८.०० बजे
स्थान: क्याम्पस प्राङ्गण, भद्रकाली बहुमुखी क्याम्पस

बजिरमान श्रेष्ठ
अध्यक्ष
क्याम्पस संचालन समिति
भद्रकाली बहुमुखी क्याम्पस
पोखरा-१३, कुँडहर

# अमोर बालगृह फेदिखोलाकी कमला सम्मानित

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ३० भदौं



पछिल्लो समय सामाजिक अगुवाका रुपमा आफूलाई स्थापित गराउन तँछाड मछाड गर्नेहरु बढेका छन् । राजनीतिक दलका कार्ड फ्याँकेर होस् वा कुनै न कुनै संगठन, सञ्जाल वा समूह गठन गरेर किन नहोस् सामाजिक सेवामा लागेकाहरुको भीड बढ्दो छ । के साँच्चै समाज सेवाका लागि समर्पित छ त यो भीड ? के साँच्चै सामाजिक मूल्य, मान्यता र चरित्र बोकेकाहरुले ओगटेका छन् त सामाजिक नेतृत्व ? यो पाटो भने प्रायः छदमरुपमै रहने गरेको छ । अरु झै चार्चामा आउन नभै सांच्चिकै समाज सेवाको भावले उदाहरणीय काम गरेकी छन्, स्याङ्जा फेदीखोलाकी कमला पराजुली ।

कमलाले २०६८ सालमा अमोर सेवा नेपाल (वालगृह) स्थापना गरी संचालनमा ल्याएकी थिईन् । स्थापना कालको समयमा द्धन्द्धपिडित बालबालिका र २०७२ सालबाट अनाथ तथा असहाय बालबालिकाको सेवामा निरन्तर लागिपरेकी कमला यतिबेला सम्मानित भएकी छन् । उक्त बालगृहकी संस्थापक कमला पराजुली, रामबाबु -ज्ञानु सामाजिक सेवा पुरस्कार कोष २०७९ बाट सम्मानित भएकी हुन् । उनलाई नगद एक लाख सहित प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो । अनाथ र असाह्रय बालवालिकाको संरक्षकत्वमा अहम भुमिका निर्वाह गरेको भन्दै पराजुलीलाई संस्थाले नगद सहित सम्मान गरेको हो ।

हाल कमलाले संचालन गरेको बालगृहमा २० जना बालक र १० जना बालिका गरी जम्मा ३० जना बालबालिका रहेका छन् । जिल्लाको फेदीखोलामा निजि तबरबाट संचालित उक्त बालगृहमा धेरै बालबालिकाले आश्रय पाएका छन् । सरकारको खासै सहयोग नरहेको यस बालगृहको अवस्था समान्य रहेको छ । यसै बालगृहमा बसेका २ जनाले एसईई पास समेत गरिसकेका छन् तर तिनिहरुको नागरिकता गराउन समस्या भएको कमलाको गुनासो छ । समाजमा प्रायः मानिसहरु धेरथोर सामाजिक हुन्छन् र आफूलाई सामाजिक कार्यमा सरिक गराउन चाहन्छन् ।

तर, आफ्नो पारिवारिक अवस्था, सरकारी जागिर लगायतका बाध्यताले पनि कतिपय मानिसहरु समाज सेवामा लाग्ने उच्च मनोकांक्षा भएपनि हरेक सामाजिक कार्यमा आफूलाई समाहित गराउन सकिरहेका हुँदैनन् । तर कुनै जागिर, पेशा नभएकी कमलाले सहयोग जुटाएरै भएपनि धेरै बालबालिकाको उद्धार गरेकी छन् । निस्वार्थ भावले काम गरिरहेकी कमला यतिबेला सम्मानित हुदां निकै खुशी छन् । कमलाले यो सम्मानले आफुमा काम गर्ने उत्साह बढेको बताईन् । कमलाले भनिन्, असल काम गर्दै जानुहोस, ढिलोचाडो अवश्य मूल्याङ्कन हुनेछ ।

समाज सेवामा लागिरहेका हरेक व्यक्तिहरुले साँच्चै समाज सेवा गरिरहेका छन् कि छैनन् ? उनीहरुको सामाजिक चरित्र छ कि छैन ? समाजमा मिलेर र समाजलाई अघि बढाउने दिशामा उनीहरुको सकारात्मक सोच हो कि होइन ? र उनीहरुको देखाउने दाँत एउटा र चपाउने दाँत अर्को छ कि छैन ? यो विषय पछिल्लो समयका युवाहरुमाझ चर्चाको विषय हुने गरेको छ ।

दुईचार जना युवा हुँदा होस् वा चियागफ किन नहुन् ? आफ्नो निजी जीवनलाई एकातिर पन्छाएर अनाथ बालबालिकाको उद्धारमा कमलाले खेलेको भूमिका र उनीले देखाएको चरित्र यतिबेला वहसको विषय बन्न थालेको छ ।

# सहारा खेलकुद पत्रकारिता पुरस्कार शाहीलाई

पोखरापत्र संवाददाता
पोखरा, ३० भदौं



यस वर्षको सहारा खेलकुद पत्रकारिता पुरस्कार नारायण शाहीले प्राप्त गरेका छन्। सहारा क्लब पोखराले आफ्नो २४ औं वार्षिकोत्सवको अवसरमा बिहीबार पत्रकार शाहीलाई सम्मानपत्रको साथमा दोसल्ला ओढाई नगद २० हजार ५ सय ५५ रुपैया प्रदान गरी पुरस्कृत गरिएको हो ।

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पत्रकार शाहीलाई सम्मान गर्दै पोखराको खेलकुद क्षेत्रमा सहाराले पुराएको योगदानको प्रशंसा गर्दै पोखरामा खेल पर्यटनको प्रवल सम्भावना भएको बताए । उनले गण्डकी प्रदेशको राजधानि पोखरामा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई सफल पार्न महानगरले आवश्यक सहयोग र समन्वय गर्ने बताए । उक्त पुरस्कारका लागि प्रतिभा छनोट समितिले उनको नाम सिफारिस गरेकोमा क्लबको कार्यकारिणी समितिको बैठकले अनुमोदन गरेको थियो । काठमाडौंबाट २०५३ सालदेखि पत्रकारिता सुरु गरेका उनले करिब १५ वर्षदेखि पोखरालाई कार्यक्षेत्र बनाउँदै आएका छन् । जनसम्मत डटकमका सम्पादक पत्रकार शाही एभरेष्ट मिडिया हाउसमा समेत कार्यरत् छन् । अग्रज पत्रकार नारायण कार्कीको संयोजकत्वमा प्रतिभा छनोट समिति गठन गरिएको थियो । यसअघि कुलचन्द्र न्यौपाने, धन बस्नेत, विनोद लामिछाने, प्रेमनारायण न्यौपाने, राम गुरुङ, दीननाथ बराल, प्रदीप पौडेल, एकराज गिरि, सागरराज तिमिल्सिना, कृष्णमणि बराल, एमबि आस्था, सुरज श्रेष्ठ, विजय नेपाल, सन्देश श्रेष्ठ, इन्द्रप्रसाद पौडेल र दीपक परियार सम्मानित भई सकेका छन् । क्लब अध्यक्ष हरिराम गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापति, नेपाल खेलकुद पत्रकार मञ्च अध्यक्ष देवेन्द्र सुवेदी, गण्डकी खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङ, वरिष्ठ उपाध्यक्ष केशवराज बराल लगायतले खेलकुदको बारेमा चर्चा गरे । सहारा क्लब पोखराले दोबिल्लामा सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमी संचालन गर्दै आएको छ। उक्त एकेडेमीमा हाल १६ जना बालकहरु रहेको महासचिब रामजीप्रसाद अधिकारीले बताए ।

# स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३० भदौं



सामाजिक विकृति र विसंगति विरुद्ध क्रियाशील पोखरा पिस क्लबले बिहीवार क्लबको १७ औं स्थापनाका दिवसको अवसर पारेर नेपाल रेडक्रस सोसाइटी पोखरा-७ उपशाखासँग समन्वय गरि संयुक्तरुपमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रम प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ७ का अध्यक्ष राममोहन आचार्यबाट पहिलो रक्तदाता विष्णु सुवेदीलाई ब्लड ब्याग हस्तान्तरण गरि उद्घाटन गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि आचार्यले वडाभित्र पुरानो इतिहास बोकेर निरन्तर क्रियाशील रहेको साथै विभिन्न कार्यक्रममार्फत जिल्ला तथा राष्ट्रिय रुपमा पनि परिचित हुने कार्य गरिरहेकाले यस्ता गतिविधिमा निरन्तर पाइला अगाडि बढिरहोस् भनि शुभकामना ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विशेष अतिथि नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका उपसभापति डण्डराज शर्माले युवाहरुको भावना समेट्दै स्थापित पोखरा पिस क्लबले स्थापना दिवसको अवसरमा निरन्तर गरिने यो कार्यक्रमले कसैको जीवन रक्षाका निम्ति महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।रेडक्रस जस्तो संस्था संस्थासँग आकस्मिक अवस्थामा पनि सदैव साथ दिदै आएको इतिहास स्मरण गर्दै विभिन्न गतिविधि सहित मानवीय सेवा अभियानमा पनि सधैं यसरीनै लागिरहोस् भनी शुभकामना ब्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा-७ उपशाखाका सभापति तथा पोखरा पिस क्लबका पूर्व अध्यक्ष भोजराज बराल,नेपाल रेडक्रस सोसाइटी पोखरा-७ उपशाखाका पूर्व सभापति तथा सल्लाहकार तेजनारायण अधिकारी,मासबार आमा समूहका अध्यक्ष शारदा गिरीले नेपाल रेडक्रस सोसाइटी पोखरा-७ उपशाखा, मासबार आमा समूह लगायतका अग्रज संघसंस्था तथा सामाजिक सेवामा निरन्तर अग्रसर यस क्षेत्रका अगुवाहरुको प्रेरणाबाट २०६३ सालमा पोखरा-७ र ५ मा अवस्थित युवाहरूको सामुहिक प्रयासबाट स्थापित पोखरा पिस क्लबले आफ्ना गतिविधिहरुलाई निरन्तरता दिँदै सामाजिक, शैक्षिक, रचनात्मक, मनोरञ्जन तथा खेलकुद क्षेत्रमा आफ्नो बेग्लै पहिचान बनाउन सफल भएकोमा बधाई तथा शुभकामना ब्यक्त गर्दै सफलताको शिखरमा सधैं लम्किरहोस् भनि शुभकामना दिएका थिए ।

पोखरा पिस क्लबका अध्यक्ष प्रताप आचार्यले क्लब स्थापनाका लागि खटिनुभएका संस्थापकज्यूहरु, क्लबलाई विभिन्न आरोह अवरोहका वावजुत एकताको सुत्रमा बाधेर निरन्तर क्रियाशील बनाउन लागिरहनुभएका ब्यक्तित्वहरु, क्लबका विभिन्न कालखण्डमा सहयोग गरिरहनुभएका देशविदेशमा रहनुभएका सदस्यज्यूहरु, अग्रज संस्था र अग्रज समाजिक ब्यक्तित्वहरु,क्लबका सम्पूर्ण तप्काका सदस्यज्यूहरु लगायत सम्पूर्ण शुभचिन्तकज्यूहरुमा हार्दिक आभार ब्यक्त गरेका थिए ।

रक्तसञ्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहेको कार्यक्रममा जम्मा २४ युनिट रक्त संकलन गरिएको थियो। बर्षाले प्रभाव पार्दापनि रुझ्दै भिज्दै "रक्तदान गरौं जीवन उपहार दिऊ" भन्ने रेडक्रसको नारालाई आत्मसात गर्दै जीवन उपयोगी महादानमा सरिक हुने सम्पूर्ण रक्तदाताहरुलाई कार्यक्रम संयोजक तथा पोखरा पिस क्लबका सचिव सन्तोष बरालले धन्यवाद दिएका थिए । पोखरा पिस क्लबका अध्यक्ष प्रताप आचार्यको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन क्लबका सचिव सन्तोष बरालले गरेका थिए ।

# वेसलाइनकी सोफिया चित्रकला प्रतियोगितामा प्रथम

पोखरापत्र संवाददाता
पोखरा, २९ भदौं



ड्याम साइड क्लब पोखरा १७ ले वाल दिवसको अवसरमा हालै आयोजना गरेको अन्तर विद्यालय खुला चित्रकला प्रतियोगितामा बेसलाइन एकेडेमीकी सोफिया रसाइली प्रथम भएकी छिन् ।

दोस्रो पुरस्कार सोसियल पब्लिक स्कुलका सौरभ लोर्गनले पाए । न्यु मोडल सेकेन्डेरी स्कुलकी सजितु थापा तेस्रो र पार्दी माध्यमिक विद्यालयकी मनिषा गुरुङ र हिमाञ्चल बोर्डिङका दिप्सन केसी सान्त्वना भए । कार्यक्रममा कवि लक्ष्मण थापाले बाल दिवसको उपलक्ष्यमा क्लबले चित्रकला प्रतियोगिता आयोजना गर्नु निकै सान्दर्भिक र अनुकरणीय कार्य भएको चर्चा गरे । कार्यक्रम संयोजक तथा क्लबका वरिष्ठ उपाध्यक्ष रमेशप्रसाद बरालले बालबालिकाको चित्रकारिता तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि क्लबले प्रतियोगिता आयोजना गरेको बताए । विजेतालाई कवि लक्ष्मण थापा, क्लब अध्यक्ष प्रताप गुरुङ, निर्णयकहरु चित्रकार ढाका भट्टराई र झविन्द्र गुरुङले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । प्रतियोगितामा कास्कीका १५ सरकारी तथा निजी विद्यालयका २३ विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रम क्लबका अध्यक्ष प्रताप गुरुङको अध्यक्षतामा भएको थियो ।


## बाढीपहिरोबाट जोगिऔं

◆ जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँछ ।
◆ वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
◆ पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
◆ आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
◆ बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# जनताको स्वास्थ्य माथि खेलवाड

कोभिड–१९ पछि डेंगुको संक्रमण देशभर फैलिएको छ । सरकारी अस्पताल पुगेका बिरामीको संख्या मात्र हेर्दा पनि साउनयता १२ हजारलाई डेंगु भएको छ भने ११ जनाको मृत्यु भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार उच्च जोखिममा काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, रूपन्देही, दाङ, धादिङ, तेह्रथुम, काभ्रेपलाञ्चोक र चितवन जिल्ला छन् । डेंगुले महामारीको रूप लिँदा पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र ईडीसीडीले रोकथाम र नियन्त्रणका कुनै प्रभावकारी कदम चालेका छैनन् ।

करिब तीन महिनादेखि फैलिएको डेंगुको संक्रमण सरकारको काबुबाहिर गएको घोषणा गर्न समेत सरकारलाई गाह्रो छ । 'डेंगु संक्रमितको संख्या त बढिरहेको छ । तर अहिले नै नियन्त्रण बाहिर गएको भन्न सकिँदैन भन्ने सरकारको दावी छ राजधानी काठमाडौंका अस्पतालमा पुगेका बिरामीको अवस्था देख्दा कोभिड -१९ जस्तै लाग्छ । 'लार्भा खोज तथा नष्ट' अभियानमार्फत डेंगु नियन्त्रणका लागि काम भइरहेको सरकारको दाबी छ । यो अभियान डेंगु नियन्त्रणका लागि प्रभावकारी अस्त्र हो, तर तीन तहको सरकारबीच प्रभावकारी समन्वय हुन सकेको छैन ।

'स्वास्थकर्मी तथा अन्य जिम्मेवार व्यक्तित्वहरू डेंगु संक्रमितको संख्या गनेर बस्ने गरेका छन ।,' 'हरेक पटक संख्या गनेर जनतालाई तर्साउने काम मात्र भएको छाडेंगु नियन्त्रणका लागि व्यवहार परिवर्तन गर्न के के गर्नुपर्छ भनेर सरल तरिकाले बुझाउने काम भएको छैन । नेपालमा तीन वर्षअघि २०१९ मा पनि डेंगुले प्रकोपको रूप लिएको थियो । त्यो समयमा सरकारी तथ्यांक अनुसार १८ हजार संक्रमित भएका थिए । ६ जनाको मृत्यु भएको थियो । ' अहिले अवस्थालाई हेर्दा डेंगुले प्रकोपको रुप लिइसकेको चिकित्सकको भनाइ छाअझै तीन हप्ता डेंगुको जोखम छ । अघिल्ला वर्षमा संक्रमित भएका भन्दा बढी संक्रमित हुने निश्चित छ ।'

नेपालमा प्रभावकारी प्रविधि नभित्रिएका कारण पनि डेंगु नियन्त्रणमा समस्या आएको चिकित्सकको बुझाइ छा ' जबसम्म लामखुट्टे नियन्त्रण गर्न सक्दैनौं, तबसम्म उपचारमा जोड दिँदैमा डेंगु नियन्त्रणमा आउँदन । 'डेंगु नियन्त्रणमा मानिसको व्यवहार परिवर्तन हुन आवश्यक छ ।' अहिले मनसुन सँगसँगै डेंगु तीव्र गतिमा फैलिरहेको छ । बढी पानी संकलन भएका ठाउँमा लामखुट्टेको लागि उपयुक्त वातावरण भएकाले पनि डेंगु बढी, छिटो र तीव्र गतिमा फैलिने विज्ञहरु बताउँछन् ।

लामखुट्टेले फुल पार्न सक्ने घरभित्रका सम्भावित ठाउँ, वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाँडाहरू खोजी-खोजी सफा गर्नुपर्छ । त्यस्तै लामखुट्टेको फुल पनि नष्ट गर्नुपर्दछ । 'पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्नेगरी राम्ररी छोपेर राख्ने साथै पानी जम्नसक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरियो भने डेंगुको प्रकोपलाई रोक्न सकिन्छ,।'अहिले एडिस लामखुट्टे घर-घरमा छिरेको छ। त्यसकारण लामखुट्टेले फुल पार्नसक्ने सम्भावित घर, विद्यालय र वरपरका पानी जम्ने सबै ठाउँहरु र पानी राख्ने भाँडाहरु खोजी-खोजी सफा गर्नुपर्छ।पोखरामा तीन वर्षअघि चलाइएको अभियान अहिले नचलाई बस्नु विडम्बना हो ।जनताको स्वास्थ्य भन्दा ठूलो अरु काम हुन सक्दैन ।सस्तो प्रचारबाजी गर्ने जनताको स्वास्थ्य कम चासो दिने तीन तहका सरकारलाई बिउँझाउनु पर्नेछ बेला भएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# साफ यू-१७ च्याम्पियनसिपमा नेपाल उपविजेता

**रासस**
**काठमाडौं, ३० भदौ**

श्रीलङ्कामा आयोजना भएको साफ यू-१७ च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपाल भारतसँग पराजित भएको छ ।

श्रीलङ्काको कोलम्बोस्थित रेस कोर्स ग्राउण्डमा गए राति भएको फाइनल खेलमा भारतले नेपाललाई ४-० गोलअन्तरले पराजित गरेपछि नेपाल उपविजेता बनेको हो । जितसँगै भारत प्रतियोगिताको च्याम्पियन बन्यो । भारतको जितमा बोबी सिंह, भान्लाल्पेका गुइटे, कोरोउ सिंह र अमनले एक एक गोल गरे ।

खेलको १८ औँ मिनेटमा बोबीले गोल गर्दै भारतलाई पहिलो अग्रता दिलाएका थिए । त्यस्तै खेलको ३० औँ मिनेटमा कोरोउ सिंहले गोल गर्दै भारतलाई २-० को अग्रता दिलाए । खेलको ३९ औँ मिनेटमा नेपाल १० खेलाडीमा समेटियो । भारतका ड्यानीलाई फउल गरेपछि नेपालका कप्तान प्रशान्त लक्सम्ले रातो कार्ड पाए । खेलको ६३ औँ मिनेटमा कप्तान गुइटेले गोल गर्दै भारतलाई ३-० को अग्रता दिलाए । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा अमनले गोल गर्दै भारतलाई ४-० को जित दिलाए ।

भारतले नेपालविरुद्ध समूह चरणमा व्यहोरेको हारको बदलासमेत लियो । नेपालले समूह चरणमा भारतलाई ३-१ गोल अन्तरले हराएको थियो । नेपालले समूह चरणको पहिलो खेलमा भुटानलाई पराजित गरेको थियो भने दोस्रो खेलमा भारतलाई हराएको थियो । सेमिफाइनल खेलमा नेपालले श्रीलङ्कालाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो ।

# डोल्पा जोड्ने सडकमा मोटेरेबल पुल निर्माण

**रासस**
**म्याग्दी, ३० भदौ**

गण्डकीको मुस्ताङ र कर्णालीको डोल्पा जिल्ला जोड्ने सडकमा मोटरेबल पुल निर्माण भएको छ । मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक्लेभट्टी र पाक्लिङको सिमानास्थित कालीगण्डकी नदीमा एक सय २० मिटर लामो मोटरेबल पुल निर्माण भएको हो । तत्कालीन जिल्ला विकास समिति मुस्ताङले ठेक्का लगाएको पुल निर्माणकार्य सुरु भएको सात वर्षपछि सकिएको हो ।

पूर्वाधार विकास कार्यालय मुस्ताङका अनुसार एक्लेभट्टी-पाक्लिङ सडक पुल निर्माणका लागि विसं २०७२ असार ३१ गते एलाइट शङ्करमाली जेभीसँग रु १२ करोड १३ लाख ८५ हजारमा ठेक्का सम्झौता भएको थियो । ७.३ मिटर चौडाइ भएको पुलमा ४०-४० मिटरको दूरीमा तीनवटा स्पाम छन् । सङ्घीयता कार्यान्वयनसँगै पूर्वाधार विकास कार्यालय म्याग्दी हुँदै मुस्ताङलाई पुल निर्माणको जिम्मेवारी हस्तान्तरण भएको थियो । पूर्वाधार विकास कार्यालय मुस्ताङका सूचना अधिकारी रविन चोखालले बहुप्रतिक्षित एक्लेभट्टी-पाक्लिङ सडक पुल निर्माण सकिएको जानकारी दिनुभयो । कार्यालयको टोलीले पुलको प्राविधिक नापजाँच गरेको छ । पुल निर्माणका लागि भएको सम्झौताको म्याद छपटक थपिएको थियो । प्राविधिक कमजोरीलाई कारण देखाएर निर्माण कम्पनी मुद्दा प्रक्रियामा पनि गएको थियो । कालोसूचीमा राखी कारबाही गर्ने प्रक्रिया अघि बढाएपछि एलाइट शङ्करमाली जेभीले पछिल्लो समय युनिस निर्माण सेवालाई सहायक ठेकेदार नियुक्त गरेर काममा पठाएको थियो । युनिस निर्माण कम्पनीका प्रतिनिधि निकेश श्रेष्ठले अलपत्र अवस्थामा रहेको पुल निर्माणकार्यलाई करिब १८ महिनाको अवधिमा पूर्णता दिएको बताउनुभयो । मूल सडकबाट पुलसम्म पुग्ने दुईतर्फ एक सय ३० मिटर सडक पनि निर्माण भएको छ । एक्लेभट्टीमा पुल निर्माण भएपछि पाक्लिङ, साङ तालगायत बस्तीका बासिन्दालाई आवतजावत, स्याउ, भेडा-च्याङ्ग्रा, चौँरी निकासी गर्न सुविधा पुगेको छ । सवारीसाधनलाई कालीगण्डकी तारेर आवतजावत गर्नुपर्ने बाध्यता हटेको छ । एक्लेभट्टी हुदै डोल्पाको छार्का ताङसोङ गाउँपालिका जोड्ने सडकको दुई जिल्लाको सिमाना याकखर्कसम्म मार्ग खुलेको छ । डोल्पा जोड्ने सडकले दुई प्रदेशको आन्तरिक व्यापार, पर्यटन विकास र स्थानीयवासीलाई आवतजावतमा सहज हुने सांसद प्रेमप्रसाद तुलाचनले बताउनुभयो । हप्तौं लगाएर मुस्ताङ आउने उत्तरी डोल्पावासी एकै दिनमा आउन सक्नेछन् ।

# थप एक सय २६ जनामा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ३० भदौ**

देशभर पछिल्लो २४ घण्टामा थप एक सय २६ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा तीन हजार सात सय ९० जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार छ सय ७४ जनाको पिसिआर र दुई हजार एक सय १६ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । पछिल्लो चौबिस घण्टामा एक सय ३७ जना कोरोनाबाट मुक्त भएका छन् । योसँगै कोरोनाबाट मुक्त हुनेको सङ्ख्या नौ लाख ८४ हजार नौ सय ७७ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय कोरोना सङ्क्रमितको सङ्ख्या दुई हजार एक सय २९ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या १२ हजार १५ पुगेको छ । हाल होम आइसोलेसनमा दुई हजार ६२, संस्थागत आइसोलेसनमा ६७ र आइसियुमा १८ सङ्क्रमित रहेका छन् । हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौँ र दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा ललितपुर रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा ताप्लेजुङ, मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, मुगु, जुम्ला, बझाङ र दार्चुला छन् ।

**पसल बिक्रीमा**
पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसल विशेष कारणवस तुः विक्रीमा छ ।
सम्पर्कः
९८२७१९९५८६
९८१९१७११७८

# एसओएसमा बालदिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० भदौ**




एसओएस हरमन माइनर गण्डकीमा ५८ औँ राष्ट्रिय बालदिवस मनाइयो ।

विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीचमा उक्त दिवस मनाइएको हो । पोखरा महानगरपालिका वडा नं. १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रमको सभापतित्व विद्यालयका निमित्त प्राचार्य चूडामणि सुवेदीले गरे ।

बालदिवसका उपलक्ष्यमा विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले क्षमता प्रदर्शन कार्यक्रम राखिएको थियो । कार्यक्रममा विद्यालयका बालबालिकाहरूले एकल तथा सामूहिक गायन, नृत्य, अभिनय, नाटिका आदिजस्ता कलाप्रस्तुतिहरू प्रदर्शन गरे । प्रतियोगितात्मक प्रस्तुतिहरूको मूल्याङ्कन समितिमा मानबहादुर गुरुङ, सङ्गीता आले, रोम तामाङ रहेका थिए ।

कार्यक्रमका विजयी प्रतियोगीहरूलाई एसओएस बालग्रामका योजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका निमित्त प्राचार्य चूडामणि सुवेदीद्वारा पुरस्कार तथा प्रमाणपत्र प्रदान गरियो ।

कार्यक्रममा हर्मान इन्टर नेसनल इन्डिया प्रालिका निर्देशक अक्षयसिंह खन्ना, एसओएस बालग्रामका योजना निर्देशक प्रदीपभक्त आचार्य, विद्यालयका सहप्राचार्य किरण सापकोटा, शिक्षक कर्मचारी तथा कल्याणकारी युनियन एसओएस गण्डकीका इकाइ अध्यक्ष टीकाराम सुवेदीलगायतका वक्ताले बालअधिकारका विषयमा आआफ्ना धारणा राखेका थिए । कार्यक्रममा एसओएस गण्डकीमा तीस वर्ष दीर्घसेवा गरी अवकाश प्राप्त गरेकी शिक्षिका जया बरालको बिदाइसमेत गरिएको थियो।बालदिवससमारोहमापोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य मन्दिरा परियार, महानगर वडा नं. १५ का सदस्यहरू बलराम पौडेल, आशिष पौडेल, सेतीमाया गुरुङ, भारतीय पेन्सन क्याम्पसका वरिष्ठ लेखापाल बीबी पाण्डे, एसओएस बालग्रामकी आमा प्रतिनिधि सीता गौतमलगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

प्रमुख अतिथिको आसनबाट बोल्दै पोखरा महानगरपालिकाका वडाध्यक्ष तोरणबहादुर बानियाँले बालबालिकाहरूको आधारभूत अधिकार संरक्षणका लागि सबै पक्ष संवेदनशील हुनुपर्ने बताए । एसओएस स्कुलको कक्षा ९ मा अध्ययनरत विद्यार्थीद्वय मञ्जुश्री अधिकारी र अनन्त आचार्यले उक्त कार्यक्रम सञ्चालन गरेका थिए ।

# मुक्तिनाथ बैंकको फेदीखोलामा वित्तीय साक्षरता

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ३० भदौ**

मुक्तिनाथ विकास बैंक फेदीखोला शाखाले आयोजना गरेको वित्तीय साक्षरतामा बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युम्न पोखरेलले कमाएर मात्रै नभएर बचत गर्ने बानीको विकास गर्न महिलाहरुलाई आग्रह गरेका छन् । उनले मान्छेले कमाएर मात्रै नभएर बचत गर्ने बानीको विकास भएमात्रै धनी बन्न सकिने बिचार व्यक्त गरे ।

मानिसमा आधुनिकतासँगै दैनिक खर्चको दर बढेको बताउँदै बैंक प्रमुख पोखरेलले खर्चको दर बढ्दै गएपनि त्यसलाई नियन्त्रण गरेर बचत गर्ने बानीको विकास गर्नुको विकल्प नरहेको सुनाए । फजुल खर्चलाई नियन्त्रण गर्दै बचत गर्ने बानीको विकास गरेमात्रै आर्थिक प्रगति हुने पोखरेलको भनाइ थियो ।

लघुवित्त क्षेत्रमा बैंकले चर्को ब्याज लिने गुनासो आईरहेको प्रति चासो व्यक्त गर्दै प्रमुख पोखरेलले नेपालमा स्थापित बैंकले लघुवित्त संचालनमा रहेका दक्षिण एसियाका देशमध्ये नेपालमा सस्तो ब्याजदरमा कर्जा लगानी गरेको दाबी गरे । एसियाका अन्य मुलुकमा चर्को ब्याजदर छ तर नेपालमा अन्यको तुलानमा सस्तो ब्याजदर रहेको प्रमुख पोखरेलले बताए । कार्यक्रममा फेदीखोला गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष कृष्ण बहादुर रानाभाट, वडा नं. १ का वडाध्यक्ष अमृत क्षेत्रीले महिला समूह गठन गरेर बैंकले समूह जमानतमा गरेको लगानीले महिलालाई स्वरोजगार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । वित्तीय साक्षरता कार्यक्रममा मुक्तिनाथ विकास बैंकका उप-क्षेत्रिय कार्यालय स्याङ्जाका प्रमुख नबिन काफ्ले, अनुगमन अधिकृत बालकृष्ण रेग्मीले महिलाहरुलाई आर्थिक रुपमा विकसित बनाउन सकेमात्रै समाज परिवर्तन हुने बताए । जति मिठा भाषण गरेपनि महिलाको आर्थिक अवस्था सुधार नगरेसम्म समाज परिवर्तन गर्न नसकिने उनहिरुले जिकिर गरे ।

त्यस अवसरमा मुक्तिनाथ कृषि कम्पनीका बजार प्रबन्धक धनीराम शर्माले परम्परागत कृषि प्रणालीलाई परिवर्तन गराउन कम्पनीले प्रविधिमा जोड दिएको बताए । प्रविधिको प्रयोग विना उत्पादन बढाउन नसकिने उनको भनाई थियो । कृषिमा प्रविधि भित्र्याउन कृषकसँग सहकार्य गर्न कम्पनी तयार रहेको उनले जानकारी गराए । बैंकको लघुवित्त विभाग अर्न्तगत गठित महिला सदस्य कलावती बस्नेतको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सरस्वती रेग्मीले गरेकी थिईन् । त्यस अवसरमा बैंकका फेदीखोला शाखाका प्रमुख खुमबहादुर घर्तीले स्वागत तथा शाखाको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

मुक्तिनाथ विकास बैंक फेदीखोला शाखा अर्न्तगत गठित ८५ महिला समूहमा करिब १८ सय महिला सदस्यहरु आबद्ध छन् । समूहमा आबद्ध महिलालाई झण्डै १६ करोड लगानी गरेको बैंकले जनाएको छ । बैंकले स्याङ्जाको फेदीखोला गाउँपालिका र पुतलीबजार नगरपालिका सहित कास्कीको पोखरा महानगरपालिका वडा नं. २१ र २२ मा सेवा प्रबाह गर्दै आएको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बालबालिकालाई विद्यालय निरन्तरताको लागि शैक्षिक सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० भदौं

कमजोर आर्थिक अवस्थाले बीचमै विद्यालय छोड्न सक्ने बालिकाहरुलाई विद्यालयमा निरन्तरताको लागि मानव बेचविखन विरुद्धको सवालमा काम गरिरहेको संस्था शक्ति समुहले शैक्षिक सहयोग गरेको छ।

शक्ति समुहले राष्टिय बाल दिवसको अवसर पारेर पोखरा महानगरभित्रका ५ वटा विद्यालयमा आज "ओ यु आर"को आर्थिक सहयोगमा सञ्चालित परियोजना मार्फत सो सहयोग उपलब्ध गराइएको हो।

पोखराका तालबाराही मावि, धर्मस्थली आधारभुत विद्यालय, सरस्वती आधारभुत विद्यालय, ज्ञानभुमि मा.वि र मसिना आधार भुत विद्यालयका २५ जना बालिकालाई झोला, पोशाक, स्विटर,जुत्ता, मोजा,कापी,कलम,



क्यालकुलेटर लगायत एक वर्षको शैक्षिक सामग्री सहयोग गरिएको हो । अति आवश्यक, आर्थिक अवस्था कमजोर भएका बालिकाहरुलाई पोखरा महानगरपालिकाको शिक्षा महाशाखासँग समन्वय गरी बिद्यालय निरन्तरताको लागि शैक्षिक सामग्री वितरण गरिएको शक्ति समुहका गण्डकी प्रदेश संयोजक सरिता पौडेलले बताउनुभयो । उहाँका अनुसार शक्ति समूहले आर्थिक स्थिति कमजोर भएका बालिकाहरुलाई विद्यालय निरन्तरताको लागि सहयोग गरेको हो । वितरण गरिएको सामग्रीबाट विद्यालय र विद्ययार्थीले सही प्रयोग गरी आफ्नो पढाईलाई निरन्तरता दिनुपर्छ भन्दै आवश्यकता परेको ठाउँमा राज्यबाट पनि अभियान चलिरहेकोले यस अभियानमा शक्ति समुहको सहयोगले थप सहयोग गर्ने पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्यले बताउनुभयो । कार्यक्रममा शक्ति समुहको कार्यकारी निर्देशक बालकुमारी दर्लामीले संस्थाले मानव बेचबिखन विरुद्धको सवालमा गर्दै आएका कामका बारेमा जानकारी दिदै यस शैक्षिक सामाग्रीलाई शक्ति समुहको मायाको चिनोको रुपमा ग्रहण गरी आफ्नो पढाईलाई निरन्तरता दिनको लागि थप टेवा पुग्ने विश्वास राख्नुभयो । उहाँले आगामी दिनमा विद्यालयलाई थप सेवा मिलोस र विद्यार्थीलाई प्रविधिमैत्री वातावरणमा सहयोग गर्न प्रत्येक विद्यालयमा दुई /दुई वटा कम्प्युटर वितरण गरिने जानकारी गराउनुभयो ।

# मुग्लिङ-पोखरा सडक विस्तार : तनहुँ खण्डमा भौतिक प्रगति न्यून

पोखरापत्र संवाददाता
दमौली, ३० भदौं

मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँ खण्डमा काम सुस्त भएको छ। पृथ्वीराजमार्गलाई चार लेनमा विस्तारका लागि गत वर्षको वैशाखदेखि काम सुरु गरिए पनि तनहुँ खण्डमा भौतिक प्रगति न्यून देखिएको छ।

मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत तनहुँ खण्डलाई दुई भागमा विभाजन गरी काम गरिएको छ । पूर्वी खण्डअन्तर्गत मुग्लिनबाट जामुनेसम्मको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१.४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। पश्चिम खण्डअन्तर्गत जामुनबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माणको जिम्मा चिनिया कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले पाएको छ। मुग्लिन-पोखरा सडक योजना (पूर्वी) खण्डमा हालसम्म ३.४६ प्रतिशतमात्रै भौतिक प्रगति भएको छ। योजना प्रमुख नरेन्द्र सुवेदीका अनुसार यसअवधिमा वित्तीय प्रगति २३ प्रतिशत भएको छ।

आर्थिक वर्ष २०७८/७९ मा पूर्वी खण्डका लागि रु दुई अर्ब ५१ करोड ८८ लाख आठ हजार विनियोजन गरिएको थियो । तर यस अवधिमा रु ५७ करोड ३७ लाख चार हजारमात्रै खर्च भएको छ । कुल विनियोजितमध्ये ७७ प्रतिशत बजेट खर्च हुन नसकेको सुवेदीले बताउनुभयो।

योजनाको पश्चिम खण्डतर्फ पाँच प्रतिशतमात्रै भौतिक प्रगति भएको छ । वित्तीय प्रगति भने २३ प्रतिशत रहेको योजनाका इञ्जीनियर नारायण पौडेलले जानकारी दिनुभयो। आर्थिक वर्ष २०७८/७९ मा यो खण्डका लागि रु एक अर्ब ९१ करोड ९५ लाख १८ हजार विनियोजन भएकामा रु ४४ करोड ३६ लाख ४६ हजार खर्च भएको छ। यो खण्डअन्तर्गत सडक दायाँबायाँतर्फका ९५ प्रतिशत रुख कटान सम्पन्न भएका छन् । तनहुँका एक सय ३८ घरटहराको मूल्याङ्कन सम्पन्न गरी मुआब्जा रकम वितरण कार्य प्रारम्भ भइसकेको पौडेलले जानकारी दिनुभयो । खैरेनीटार बजार क्षेत्र (कुम्ले खोलाबाट भिमाद जाने चोकसम्मको) बाहेक तनहुँ जिल्लाका अन्य क्षेत्रको मूल्याङ्कन सकिएको जनाइएको छ।

सडक चौडा पार्ने क्रममा निस्किएका निर्माण सामग्रीमा स्थानीय तहबाट रोयल्टी माग भएको साथै निर्माण सामग्री ढुवानी गर्दा प्रत्येक स्थानीय तहलाई ढुवानी शुल्क तिर्नुपर्ने अवस्था रहँदा समस्या भएको पौडेलले बताउनुभयो।

साथै सडक विस्तार तथा स्तरोन्नति कार्यका लागि अधिक मात्रामा नदीजन्य सामग्री आवश्यक पर्ने र स्वीकृत आइइ प्रतिवेदनमा सेती नदी र आसपासका क्षेत्रबाट निर्माण सामग्री उत्खनन गर्ने उल्लेख भएता पनि स्थानीय तहबाट ठेक्कापट्टा भइसकेको हुँदा योजनालाई निर्माण सामग्री अभाव हुने देखिएको पौडेलले बताउनुभयो। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ । चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५-२५ मिटर हुनेछ। बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

# सेतो पुर्जाले दिएको खुसी

– धनबहादुर गुरुङ
पोखरा, ३० भदौं (रासस)

पोखरा महानगर-७ प्रगति टोलकी भुजामती पुन बुधबार भावुक मुद्रामा देखिनुभयो । अनपढ उहाँलाई आफ्नो उमेर कति पुग्यो भन्नेसमेत थाहा छैन तर सुकुम्बासी भएर सो स्थानमा बस्न थालेको १० वर्ष पुगेको भुजामतीले सुनाउनुभयो । काठमाडौँमा श्रीमान्सँगै ज्याला मजदुरी गरेर बस्ने उहाँको जीवनमा विसं २०६७ मा बज्रपात पऱ्यो। श्रीमान् को मिर्गौला देखिएको खराबीका कारण मृत्यु भयो। त्यसपछि विसं २०६८ मा पोखरा आएर पोखरा-७ को सुकुम्बासी बस्तीमा भुजामती बस्न थाल्नुभयो।

आफू बसेको जमिन आफ्नो होइन भन्ने उहाँलाई राम्रोसँग थाहा थियो । "थाहा पाएरै पनि यहाँ आएर बकेको हुँ मेरो जग्गा पनि होइन", भुजामतले भन्नुभयो, "चुनावका बेला नेताहरू आएर जग्गा तपाईँकै नाममा बनाइदिन्छौँ त भन्थे।" आफ्नै नामको जग्गा हुने आशामा उहाँले २०७०, २०७४ र २०७९ को चुनावमा सक्रियता देखाउनुभयो । धेरै चुनावमा आश्वासनमात्र बाँडेपछि भुजामतीले अब यसबारेमा आशा मारिसक्नुभएको थियो । बुधबार राष्ट्रिय भूमि आयोग र पोखरा महानगरपालिकाले संयुक्त कार्यक्रम गरी निस्सा (सेतो पुर्जा) वितरण गर्दा उहाँलाई पनि आमन्त्रण गरिएको थियो। निस्सा ग्रहणका लागि आफ्नो नाम कार्यक्रम सञ्चालकले लिनेबित्तिकै भुजामतीको गहभरि आँशु भयो। टिलपिल-टिलपिल भएका आँशु पुछ्दै स्टेजमा पुगेर लालपुर्जा प्राप्तिका लागि वितरण गरिएको सेतो निस्सा हातमा परेपछि उहाँले भन्नुभयो, "धन्यवाद छ सरकार, यो सेतो कागज पाइयो अब छिट्टै रातो लालपुर्जा पाएँ भने सिरानीमा राखेर सुत्छु।"

भुजामती मात्र होइन, उक्त कार्यक्रममा पोखराका सबै वडाका केही सङ्ख्यामा सुकुम्बासीलाई निस्सा वितरण गरिएको थियो। पोखरा-२५ बाट सुरु गरिएको कार्यक्रम निर्वाचन आचारसंहितालाई ख्याल गर्दै छोट्याएको पोखरा महानगरका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो। बुधबार महानगरका १६ वटा वडाका एक सय ९९ भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई निस्सा वितरण गरिएको थियो । वडा नं १, ३, ७, ८, १०, ११, १६, १८, १९, २२, २३, २४, २८, २९ र ३१ का सुकुम्बासीले प्रतिनिधिमूलकरूपमा निस्सा पाएका थिए। यसअघि महानगरको वडा नं २५, ६, ९, १४, ३२ र ३३ मा निस्सा वितरण गरिएको थियो । उक्त महानगरपालिकामा १९ हजार आठ सय ५६ भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासी सूचीकृत भएका थिए। उनीहरूमध्ये सात हजारभन्दा बढीलाई निस्सा वितरणका लागि राष्ट्रिय भूमि आयोगको केन्द्रीय सर्भरमा सूचीकरण गराइसकिएको थियो भने बाँकी सूचीकरणको क्रममा रहेका छन् । उनीहरूको निवेदन भूमि आयोगमा सुचीकृत गरिएपछि निस्सा वितरण गर्दै जाने महानगर र आयोगको योजना छ। "कोही पनि भूमिहीन बन्नु हुँदैन, हुनु पनि हुँदैन भन्ने मान्यतामा पोखरा महानगरको छ।

यसैअनुरुप अहिले निस्सा वितरण सुरु गरेका हौँ", नगरप्रमुख आचार्यले भन्नुभयो, "यो लालपुर्जा त होइन, तर ढिलोचाँडो सबैले लालपुर्जा पाउनुहुन्छ भन्ने सुरुआती चाँही हो ।" सूचीकृत गर्न समय लाग्ने जानकारी दिँदै उहाँले निस्सा प्राप्त गर्नु नै लालपुर्जा हात पर्नका लागि बलियो आधार बनेको बताउनुभयो। "तीनपुस्ते नाम दर्ता गर्नुपऱ्यो, त्यसका लागि कर्मचारी पनि व्यवस्थापन गर्नुपऱ्यो। एउटा व्यक्तिको डाटा भर्न कम्तीमा आधा घण्टा लाग्छ तर साथीहरू यसैमा लाग्नुभएको छ", महानगरप्रमुख आचार्यले भन्नुभयो, "बाँकी डाटा पनि विस्तारै इन्ट्री गर्दै जान्छौँ । यसमा कुनै समस्या हुँदैन। अहिले निस्सा बाँडेकै ठाउँ असुरक्षित, सम्पदा वा मापदण्डभित्र पर्ने भए महानगरले नै सुरक्षित ठाउँमा स्थानान्तरण गर्न सक्छ ।" सुकुम्वासी बनेका नागरिकलाई जमिनको मालिक बनाउने काम कास्कीमा प्रारम्भ भइसकेको उक्त आयोगका जिल्ला अध्यक्ष गङ्गाप्रसाद पौडेले बताउनुभयो । कास्कीका ३९ भूमिहीन दलित र भूमिहीनसुकुम्वासीलेरातोलालपुर्जा प्राप्त गरिसकेका छन् । अहिले निस्सा प्राप्त गरेकाहरूले कुनै न कुनै दिन अवश्य लालपुर्जा प्राप्त गर्ने उहाँले विश्वास दिलाउनुभयो।

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले प्राप्त निस्साका आधारमा जग्गा प्राप्तीको अधिकार कसैले पनि खोस्न नसक्ने अध्यक्ष पौडेलले बताउनुभयो । यसलाई चुनावी नारामा मात्र सीमित नगरी अब साँच्चै सरकारले हेर्छ भन्ने अनुभूति दिलाउन पनि आगामी कार्यक्रम चुस्त र दुरुस्त बनाउनुपर्नेमा उहाँको जोड थियो । आयोगका अनुसार जिल्लाभर भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको सङ्ख्या करिब २६ हजार छ।

# सेवाग्राही समक्ष सूचना पुऱ्याउन 'पारदर्शी भित्तो'

पोखरापत्र संवाददाता
दमौली, ३० भदौं

जिल्लाको शुक्लागण्डकी नगरपालिका कार्यालयले सेवाग्राही सहजरूपमा सूचना पुऱ्याउन 'पारदर्शी भित्तो' सञ्चालनमा ल्याएको छ।

नगरपालिकामा भए गरेका काम तथा विभिन्न गतिविधिका बारेमा सहजरूपमा सूचना दिने उद्देश्यले 'पारदर्शी भित्तो' सञ्चालनमा ल्याइएको हो । नगरपालिकाले यसअघि नागरिकमैत्री र उत्तरदायी सेवा प्रवाहमा सेवा प्रवाह सञ्चालन केन्द्र सञ्चालन गरी सेवा दिँदै आएको छ। उक्त कार्य प्रभावकारी हुने देखिएपछि जिल्लाका अन्य केही पालिकाले अवलम्बन गरी सेवा प्रदान गर्न थालेको पाइन्छ। पारदर्शी भित्तोमा छुट्टाछुट्टै शीर्षकमा सूचना टाँस गरी सेवाग्राहीलाई सूचित गर्ने काम गरिएको नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले जानकारी दिनुभयो । कार्यालयमा हुने मासिक आयव्यय, दैनिक हुने सूचना कार्यक्रम प्रकाशन, बैठकका निर्णय विविधलगायत शीर्षक राखेर भित्तोमा टाँस गर्ने गरिएको उहाँले बताउनुभयो । पारदर्शी भित्तोलाई व्यवस्थित गर्न र नगरमा भएका गतिविधि सेवाग्राहीलाई जानकारी दिनका लागि पारदर्शी भित्तो स्थापना गरिएको नगरपालिका कार्यालयले जनाएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः
२०१४/०९/१५ गते



स्वर्गारोहणः
२०७९/०५/१९ गते

स्व. पुष्पराज बाटाजू

यस समितिका आजीवन सदस्य, कार्यसमितिका सक्रिय सदस्य तथा दागिनी नृत्य कलाकार श्री प्रज्वल बाटाजूको प्रातः स्मरणीय श्रद्धेय पिताजी पुष्पराज बाटाजू को मिति २०७९ भदौ १९ गते असामयिक स्वर्गारोहण हुनुभएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति श्री भैरवनाथले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

तिर्थमान प्रधानाङ्ग
अध्यक्ष तथा
श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार
पोखरा


# पेचिलो बन्दै छ बागलुङमा चुनावी तालमेल

– रामबहादुर थापा
गण्डकी, ३० भदौं (रासस)

सिट बाँडफाँटमा बागलुङ-१ नछाड्ने राष्ट्रिय जनमोर्चाको अडानले जिल्ला तहमा गठबन्धन कसरी अघि बढ्ला भन्ने चासो थपिदिएको छ। गठबन्धनको सबैभन्दा सानो दल जनमोर्चाले त्यहाँको उम्मेदवारमा अध्यक्ष चित्रबहादुर केसीलाई अघि सारेको छ । बागलुङ केसीको गृहजिल्ला हो। सङ्घतर्फ बागलुङ-१ सँगै प्यूठानमा जनमोर्चाको दाबी छ।

प्रदेशमा पनि बागलुङको एउटा सिट आफूले पाउनुपर्ने उसको प्रस्ताव छ । विसं २०७४ को चुनावमा वाम गठबन्धन गरेर चुनाव लडेको जनमोर्चाले बागलुङबाट प्रदेशका दुई सिट जितेको थियो।

तत्कालीन चुनावमा बागलुङका सबै सिट गुमाएको सत्तारुढ प्रमुख घटक नेपाली काँग्रेस अहिले विरासत फर्काउने सुरमा छ । दोस्रो संविधानसभा चुनावमा जिल्लाका तीनै सिट जितेको काँग्रेसले विसं २०७४ को चुनावमा नमिठो हार व्यहोर्नुपरेको थियो । वाम तालमेलबाट गत चुनावमा बागलुङ-२ र बागलुङ-२ (क) मा विजयी बनेको नेकपा (माओवादी केन्द्र) अहिलेपनि गठबन्धनमार्फत त्यही नतिजा दोहोराउन चाहन्छ। गठबन्धनको अर्को घटक नेकपा (एकीकृत समाजवादी)ले पनि प्रदेशको एउटा सिटमा दाबी गरिरहेको छ । एकातिर सङ्घीय मन्त्रीदेखि गठबन्धन दलका शीर्ष नेतासम्म उम्मेदवार बन्ने दौडमा हुनु, अर्कातर्फ दलका आ-आफ्नै अडानका कारण बागलुङ गठबन्धनका लागि पेचिलो बन्ने देखिएको छ । जनमोर्चा गण्डकी प्रदेशका अध्यक्ष शङ्कर बरालले आफूहरूले सङ्घसँगै प्रदेशको एउटा सिट पनि बागलुङबाटै पाउनुपर्ने बताउनुभयो। "बागलुङ-१ मा अध्यक्षलाई उठाउने पार्टी केन्द्रकै निर्णय हो, प्रदेशमा पनि बागलुङबाट एउटा सिट अनिवार्य चाहिन्छ, हाम्रो यही अडान छ", उहाँले भन्नुभयो।

जनमोर्चाको बढी जनाधार भएको जिल्ला बागलुङ हो । गत वैशाखमा भएको स्थानीय तह चुनावमा अहिलेकै गठबन्धनमार्फत उसले दुईटा पालिका जितेको थियो । ती पालिका बागलुङ-१ मा पर्छन् जहाँबाट अहिले जनमोर्चाका अध्यक्ष केसी चुनाव लड्न चाहिरहनुभएको छ। जनाधार, शक्ति सन्तुलन, विगत चुनावको परिणाम आदिलाई हेरेर बागलुङ-१ मा दाबी गरिएको जनमोर्चाले जनाएको छ।

विसं २०७४ को चुनावमा बागलुङ-१ (ख) र २ को (ख) मा जनमोर्चा विजयी बनेको थियो। प्रदेशतर्फ बागलुङ-२ (ख) मा अहिलेपनि उसको दाबी कायम छ। स्थानीय तह चुनावमा गठबन्धनको सफल नेतृत्व गरेको काँग्रेस आसन्न सङ्घ र प्रदेशको चुनाव जितेर विगतको हारलाई बिर्साउने दाउमा छ। गत वैशाखमा भएको चुनावमा जिल्लाका दसमध्ये ६ वटा पालिका जितेको काँग्रेसले यो चुनावबाट पनि उस्तै नतिजा ल्याउन चाहान्छ।

काँग्रेसका जिल्ला सचिव हरिहर शर्माले गठबन्धनभित्र काँग्रेस र अरु दलमा ६०/४० को आधारमा सिट बाँडफाँट गरिनुपर्ने बताउनुभयो । गत स्थानीय तह चुनावमा पनि सोही आधारमा गठबन्धन गरिएको उहाँले सुनाउनुभयो । "पार्टीको जिल्ला कार्यासमितिको निर्णय र नेता, कार्यकर्ताको एउटै धारणा के हो भने बागलुङमा काँग्रेसले एउटा सङ्घ र प्रदेशका तीन सिट पाउनुपर्छ", उहाँले भन्नुभयो, "यो कुरा हाम्रा नेताहरूले केन्द्रमा पनि पुऱ्याइरहनुभएको छ, त्यसो भएन कार्यकर्ता सम्हाल्न सकिने स्थिति हुन्न भनेर भनेका छौँ।" सचिव शर्माले सिट बाँडफाँटको टुङ्गो दलका शीर्ष तहबाटै टुङ्गिने भएकाले जिल्लाको काबुमा केही नरहेको बताउनुभयो । गठबन्धनमा सामेल एकीकृत समाजवादीले पनि बागलुङमा आफ्नो सम्मानजनक उपस्थिति खोजिरहेको छ । गठबन्धनको संस्कृतिमा अरु दल नचले नयाँ ढङ्गले सोचिने सो दलका जिल्ला अध्यक्ष लालबहादुर थापाले बताउनुभयो।